


## AMPHIBIANS AND REPTILES OF NEPAL

# LIZARDS AND CROCODILES

A CHILDREN' S BOOK

नेपालका उभयचर तथा सरिसृपहरू

छेपाराहरू र गोहीहरू

बालपुस्तक

Published by:
ARCO-Nepal reg.soc.

**Published by**

ARCO-Nepal e.V.
c/o Edlingerstr. 18
D-81543 München / Germany
www.arco-nepal.de,
arco-nepal@t-online.de

Editor : Prof. Dr. H. H. Schleich

ISBN 978-3-9814938-1-8

*Cover: Varanus flavescens*
Back cover: Lizards & Crocodiles
*Varanus bengalensis, Varanus flavescens, Gecko gekko, Calotes versicolor, Laudakia tuberculata, Mabuya macularia, M. carinata, Japalura variegata, Ophisaurus gracilis, Draco sp., Oriotiaris tricarinata, O. kumaonensis, Asymblepharus capitaneus, A. ladacensis, Phrynocephalus theobaldi, Lygosoma, Sitana, Sphenomorphus maculatus, Cyrtopodion martinstolli, C. nepalense, Hemidactylus fasciatus, Cosymbotus platyurus, Crocodylus palustris, Gavialis gangeticus*

© Fotos: H. Hermann Schleich
Foto: *Cyrtopodion martinstolli*: N. Helfenberger
© Text: H. H. Schleich & W. Kästle
© Nepali text: K. Rai
© Illustrations: Arco-Nepal reg.soc.
1. Edition: 2012

**प्रकाशक**

आर्को नेपाल इ.भी

केयर/एडलिङ्गर स्ट्रिट१८
डब्लुडब्लुडब्लु.आर्को–नेपाल.डे
आर्को-नेपाल एटदरेट अनलाइन.डे

सम्पादक : प्रो. डा. हर्मन स्लाइख

ISBN 978-3-9814938-1-8

आवरण : *भ्यारानस फ्लाभिसेन्स (सुनगोहोरो)*
पछिल्लो आवरण पृष्ठ : छेपारा र गोहीहरू
*भ्यारानस बेङ्गालेन्सिस, भ्यारानस फ्लाभिसेन्स, गेक्को गेक्को,क्यालोटिस भर्सिकलर, लौडाकिया ट्युबरकुलेटा, क्यालोटिस भर्सिकलर, गेक्को गेक्को, माबुया कारिनटा, माबुया म्याकुलेटा, जापालुरा भ्यारिगाटा, ओफिसाउरस ग्रासिलिस, ड्राको स्पेस, ओरियोटिआरिस ट्राइकारिनेटा, ओरियोटिआरिस कुमाउनेन्सिस, एसिम्ब्लेफारस क्यापिटेनियस, फ्रिनोसेफालस थियोबाल्डी, एसिम्ब्लेफारस ल्याडाकेन्सिस, लाइगोसोमा स्फेनोमर्फस म्याकुलाटस, सिटाना सिवालेन्सिस, फेनोमोर्फस मेकुलाटस, सर्टोपोडियन मार्टिनस्टोल्ली, हेमिड्याक्टाइलस फ्लाभिभिरिडिस, कोसिम्बोटस प्लाटियुरस, सिर्टोपोडियन नेपालेन्स, क्रोकोडाइलस पालुस्ट्रिस, ग्याभियलिस ग्याञ्जेटिकस,*

फोटो : एच.हर्मन स्लाइख
फोटो : *सर्टोपोडियन मार्टिनस्टोल्ली* एन. हेल्फेनबर्गनर
आलेख : एच.एच. स्लाइख तथा डब्लु. क्यास्ले
अनुवादक : के.आर. राई
व्याकरण : होम सुवेदी
रेखाङ्कनकर्ता : आर्को-नेपाल रजि.सोसा. ई.भाइभिस
१. संस्करण : २०१२

# AMPHIBIANS AND REPTILES OF NEPAL
# LIZARDS AND CROCODILES

A CHILDREN'S BOOK

## नेपालका उभयचर तथा सरिसृपहरू

## छेपाराहरू र गोहीहरू

## बालपुस्तक


H. Hermann Schleich & Kaluram Rai

हर्मन स्ल्याइख तथा कालुराम राई



**Published by**

ARCO-Nepal reg. soc.

**प्रकाशक**

**आर्को नेपाल इ.भी.**

# Amphibians and Reptiles

**Class: Reptilia, Reptiles,** N: Sarisripaharu

Vertebrates with mostly 4 limbs; normally 5 clawed digits. Limbs are lacking in snakes. There are many lizards with reduced limbs and digits. Reptile skin is covered by horny structures of different size (scales, plates, granules, tubercles etc.) and provided with few glands. All main reptilian groups are represented in Nepal: Crocodiles (Order Crocodylia) with 2 species, turtles and tortoises (Order Testudines) with about 15, and scaled reptiles (Order Squamata) with about 40 lizard and about 70 snake species.

**Order Crocodylia - Crocodiles**

**Crocodiles**, N: Gohiharu

Large to very large aquatic reptiles with a laterally flattened tail and with digits webbed; 5 fingers and 4 toes. Eyes and nostrils are placed on the highest parts of the head. The ears can be closed with a valve. The skin is covered with thick horny plates which are – at least dorsally – underlain with an armour of flat bones. They lay large clutches of oval eggs, being deposited in nests which are dug into sand or consist of large mounds of rotting plants. The nests are guarded by adults. When the eggs are close to hatching, the juveniles inside them start squawking. At this acoustic signal a parent opens the nest, even helps the juveniles out of the eggshell. The offspring is then carried to the water in a parent's mouth.

**Family: Crocodylidae -True crocodiles,** N: Gohi

**Family: Gavialidae – Gharials**

This family comprises only a single species, the Gangetic gharial, a specialised fish eater with a thin and prolonged snout.

**Order Squamata - Scaled reptiles**

This group comprises lizards and snakes in two suborders.

**SAURIA, Lizards (Saurians)**, N: Chheparaharu Khokchale (Rai), Chaparase Sherpa)

With the exception of the geckos (Family Gekkonidae) all Nepalese lizards have movable eyelids. In geckos, skinks and Glass lizards tails break easily. Amputation is facilitated e.g. by fracture plains in tail vertebrae. In the first two families the tail regenerates to a considerable length. All Nepalese lizards with the only exception of Theobald's toadhead agama (*Phrynocephalus theobaldi*), the East Himalayan forest skink (*Sphenomorphus indicus*) and perhaps some populations of the Glacier skink (*Asymblepharus ladacensis*) lay eggs.

**Family: Varanidae, Monitors**, N: Gohoroharu

With total lengths of 80 resp. 175 cm the both Nepalese monitor species are by far the largest lizards of the country. Above all the well-armed Bengal monitor should be handled with care as it can inflict serious wounds with its sharp teeth and dispense heavy blows when lashing its long tail.

**Family: Agamidae, Agamids,** N: Chheparaharuko samuha

Diurnal lizards with well-developed limbs; the skin is often capable of a striking colour change. Male agamid lizards may show brilliant colours during courtship and have specific display actions.

**Family: Anguidae, Glass lizards**, N: Kudkesarpaharu

This species is the only legless Nepalese lizard. In other species maternal care was observed, the female coiling around the eggs.

**Family: Gekkonidae, Geckos**, N: Bhittiharu & Mousuliharu, Phakcheba (Sherpa)

Geckos are very frequent around human habitations and they can be easily distinguished from other lizards by their enlarged digits which allow them to adhere to smooth surfaces, even glass panes. Besides crocodiles, geckos are the only reptiles with a loud voice. They lay eggs with hard, calcified shells – mostly two – which are hid in crevices. All species hunt at dusk or during the night. Most of them can be seen basking by day.

**Family: Scincidae, Skinks**, N: Bhanemungroharu

The skinks are rather frequent, but not easy to catch and difficult to identify. Besides the Glass lizard, skinks are the only group of Nepalese lizards with a head covered by large symmetrical scutes.

Their body scales are very thin, relatively large and overlapping, reminding fish scales. In most genera (except *Eutropis*) they are smooth and glossy. Skink tails are very fragile, and in the older and larger specimens practically almost all are regenerated and shorter than the original.

# उभयचर तथा सरिसृपहरू

**वर्ग (क्लास) : रेप्टिलिया सरिसृपहरू**

**मेण्डीय चौपायाहरू :** साधारणतया नङ्ग्रासहितका पाँचऔंला भएका प्राणीहरू यस वर्गमा पर्दछन् । तर सर्पहरूका भने हातपाउ हुँदैनन् । धेरैजसो छेपाराहरूको पनि छोटाछोटा वा धेरै साना हातपाउ तथा औंलाहरू हुन्छन् । यसको छाला कडा खाले बनावटहरू (कत्ला खपटा, काँडे गिर्खा, लुन्द्रा आदि) हरूले ढाकिएको हुन्छ तथा केही ग्रन्थीहरू पनि पाइन्छन् । सरिसृपका प्रायः सबै समूह नेपालमा पाइन्छन् । जस्तै **अडर : क्रोकोडेलिया (गोही समूह)** । यसका करिब दुई प्रजातिहरू मात्र नेपालमा पाइन्छन् । अडर **: टेस्टुडाइन (पानी कछुवा) तथा पाखे कछुवाहरू),** यसका करिब १५ प्रजातिहरू नेपालमा पाइन्छन् । त्यसै गरी अडर : स्कुवामाटा (कत्ला भएका सरिसृपहरू) छेपारा तथा सर्पहरू । नेपालमा छेपाराहरूको करिब ४० प्रजाति र सर्पहरूको ७० प्रजाति पाइन्छ ।

**अडर : क्रोकोडेलेया (गोहीहरूको उपवर्ग)**
**क्रोकोडायलस : गोहीहरू**
सरिसृपहरूमध्ये सबभन्दा ठूलो शरीर भएको तथा च्याप्टे पुच्छर र हातमा जालिदार पाँच ओटा औंला र खुट्टामा चार ओटा औंला भएकाहरु यस वर्गमा पर्छन् । यसका आँखा र नाक टाउकाको माथिल्लो भागमा हुन्छन् । कान ढकनीले ढाकोका हुन्छ । छाला कडा खालको काँडे कत्लाहरूले ढाकिएको हुनुका साथै ढाडतर्फ सिरदेखि पुच्छरसम्म तिखा कत्लाका लहरहरू पाइन्छन् । बालुवाको खाल्डा बनाई ठुलाठुला फुलहरूको थुप्रो पार्ने गर्छन् । फुल पारेको थुप्रोलाई झारपात, कुहुन लागेको काठपात आदिले ढाकिदिएर यसको सुरक्षा गर्न नजिकै छेउमा बस्ने गर्छ । फुक काड्दा बच्चाहरू घस्रँदै आफैं बाहिर निस्कन्छन् । बच्चाहरू आफैं फुलबाट निस्कन सकेनन् भने माउले नै खोतलेर निकालिदिन्छ । बाहिर निस्किएका नवजात बच्चाहरूलाई माउले मुखमा बोकेर पानी भएको ठाउँसम्म लग्ने काम गर्छ ।

**फेमिली : क्रोकोडालिडी (वास्तविक गोही), जस्तै :** मगर गोहीहरू
**फेमिली : ग्याभिएलिडी (घडियाल गोहीहरू)**
नेपालमा यसको विशेष प्रकारको लामो नाक भएको एउटा मात्र प्रजाति पाइन्छ ।

**अर्डर : स्कुवामाता (कत्ला भएका सरिसृपहरू)**
यस समूहमा छेपाराहरू र सर्पहरू पर्दछन् र यो दुई उपसमूह (सब अर्डर) मा बाँडिएको छ ।
साउरिया : छेपाराहरू (राई भाषामा खोक्चाले र सेर्पा भाषामा चपरासे भनिन्छ)
नेपालमा पाइने छेपाराहरूमध्ये गेक्को (भित्तीसमूह) बाहेक अरु सबै छेपाराहरूमा झिम्काउन सक्ने परेला (आँखाको ढकनी चल्ने) पाइन्छ । माउसुली अथवा भित्तीहरू, टोकेटोके र कुड्के सर्पहरूको पुच्छर टुक्रिने गर्छ । टुक्रिने प्रक्रिया सुरक्षाका लागि हो । माथि उल्लेखित दुई प्रजातिको टुक्रिएको पुच्छर पुनः पलाउने गर्छ । छेपाराहरूमध्ये नेप्टे हिउँछेपारो (*फ्रिनोसिफालस थियोबाल्डी*), तेलिया भानेमुङ्ग्रो (*स्फेनोमोर्फोस इन्डिकस)* र हिमनदी भानेमुङ्ग्रो (*एसिम्ब्लेफारस ल्याडासेसिस*) बाहेक अरुले फुल पार्ने गर्दछन् ।

**फेमिली : अगामिडी (पोथ्रे छेपारा परिवार)**
यो दिउसो सक्रिय रहने र पूर्ण विकसित चार पाउ भएको छेपारो हो । यसका छालाको रङ छिटोछिटो परिवर्तन हुन्छ । प्रणयकालमा भाले पोथ्रे छेपाराहरू रङ्गिबिरङ्गी भएका देखिन्छन् ।

**फेमिली : एङ्गुइडी (कुड्के सर्प परिवार)**
यो नेपालको एक मात्र हात खुट्टा विहीन छेपाराहरूको परिवार हो । यसको पोथीले आफ्नो फुललाई कुड्लिङ परेर ओथारा बसी स्याहार्ने गर्छ । यस्तो स्वभावलाई अभिभावकीय स्याहार भनिन्छ ।

**फेमिली : गेक्कोनिडी (भित्ती परिवार) भित्तीहरू र माउसुलीहरू (सेर्पा : फाक्चेवा)**
साधारणतया भित्ती वा कोक्तेहरू मानव बसोबास भएका स्थानहरूमा पाइन्छन् । साथै यिनीहरूका औंलाहरू मोटा, खण्डखण्ड र घेराघेरा परेका हुनाले भित्ता, सिलिङ तथा चिल्लो सतहमा मात्र
होइन ऐना वा सिसाग्लासमा पनि हिंड्न सक्छन् । गोहीहरूबाहेक सरिसृपमध्येमा यही प्रजातिले मात्र आवाज निकाल्न सक्छ । यिनीहरूले कडा खोस्टा भएका दुईओटा फुल चेपचापमा वा
खोबिल्टाहरूमा पार्ने गर्छन् । सबै प्रजातिहरूले रिमरिम साँझमा, मिरमिरे बिहानीतिर अथवा राति बत्ती बलेको बेला चारोको खोजीमा निस्कन्छन् । प्रायजसो यिनीहरू दिउसो भने घाम तापेर
बिताउने गर्छन् ।

**फेमिली : सिन्सिडी, स्किङ्कस, ने. भानेमुङ्ग्रोहरु**
भानेमुङ्ग्रोहरु नेपालमा प्रशस्त भए तापनि सजिलै यिनीहरुलाई समातेर चिन्न सकिन्न । कुड्के सर्पबाहेक यिनीहरुको मात्र निधारमा बराबरसँग बाँडिएका कत्लाहरु हुन्छन् । यिनीहरुको शरीरमा
पातला कत्लाहरु भए तापनि ठुला र माछाका जस्ता हुन्छन् । प्रायः सबै जातिको (*मबुवा* बाहेक) शरीर चिल्लो र चिप्लो हुन्छ । यसको पुच्छर अति कफल्लो हुन्छ र त्यो चुँडिएर फेरि पलाउने
हुँदा नयाँको भन्दा पुरानो भानेमुङ्ग्रोको पुच्छर छोटो हुन्छ ।

**फेमिली : भ्यारानिडी (गोहोरो परिवार)**
नेपालमा पाइने गोहोरोहरू ८० देखि १०० सेन्टिमिटरसम्मको लम्बाइ भएका हुन्छन् । यिनीहरू नेपालमा पाइने छेपाराहरूमध्ये सबभन्दा ठुला प्रजाति हुन् । यिनलाई होसियारी साथ अवलोकन गर्नुपर्छ किनभने चलाउँदा यिनीहरूका तिखा नङ्ग्रा र दाँतले चिथोर्न सक्छन् र लामो पुच्छर बटारेर घुमाउँदा यिनीहरूका आराका दाँत जस्ता तिखा काँडाले चोट पुर्‍याउन सक्छन् ।

## *Varanus bengalensis,* Bengal monitor

**Nepali names:** Bhaise gohoro, Kalo gohoro

**CITES I Protected!!**

adult (left), juvenile

**How it looks**: Length + tail ca. 750 + 1000 mm. Coloration very variable. The adults are a uniform yellow to brown, grey or black, with a varying amount of lighter and darker spots on the back.

**Where it lives**: Extremely adaptable and inhabits very different habitats, ranging from regions with winter snow or saline deserts to evergreen tropical rain forest, but also including deciduous forests, scrub and grassland, river banks and dry ravines. It is often associated with water. In Nepal, it inhabits lowland and hills and is most common in a mosaic of farmland (e.g. rice fields) with open forests, in river valleys and Sal (*Shorea robusta*) woods.

**How it lives:** It is running and climbing excellent, roaming around a lot in its territory. They live up to 22 yrs, being threatened as hunted for meet and its skin. Laying till 30 eggs.

**Distribution** in Nepal: Terai and Midlands of all parts, up to 2,040 m (Rakshe, Ilam District). In the highest part of the range there is a snow cover for several weeks.

## *भ्यारानस बेङ्गोलेनसिस,* बेङ्गोल मोनिटर

**नेपाली नाम** : कालो गँगटो

**साइटिसद्वारा संरक्षित**

चित्र : वयष्क(बायाँ), बच्चा

**यो कस्तो देखिन्छ** ?: यस प्रजातिको लम्बाइ सिरदेखि पुच्छरसम्मको ७५० देखि १००० मिलिमिटरको हुन्छ । यस प्रजातिको रङ पनि बेग्लाबेग्लै प्रकारको हुन्छ । यिनीहरू वयष्कमा एकै खाले पँहेल्चोदेखि खैरो प्रकारका र कैलो, कालो ध्वाँसे हुन्छन् । साथै पिठ्यूँतिर कालो सेतो मिसिएका थोप्लाहरू पाइन्छन् ।

**यो कहाँ बस्छ** ?: यो जहीं पनि बाँच्न सक्ने जन्तुमा पर्दछ । यो हिउँ पर्ने ठाउँदेखि लिएर मरुभूमि र सदावहार जङ्गलहरूमा पनि बस्छ । यो पतझर जङ्गल, झाडी र घाँसे चौरीमा साथै खोलाको किनारा, सुख्खा ठाउँहरूमा पनि बस्छ । यो कहिलेकाहीं पानीमा पनि बस्छ । नेपालमा यो तराई, मधेश, उपत्यका, पहाडहरूमा पाइन्छ । र यो विशेष गरी धान खेती वा अन्न खेती गरेको जमीनमा ज्यादाजसो बस्दछ ।

**यो कसरी बस्छ** ?: यो फुर्तीसाथ कुद्न सक्छ । आफ्नो वासस्थानको क्षेत्रमा घुमेको घुम्यै गर्दछ । यसलाई मासुको र छालाको लागि मारिएन भने २२ वर्षसम्म बाँच्न सक्छ । यसले आफ्नो जीवनकालभरि जम्मा ३० ओटासम्म फुल पार्न सक्छ ।

**नेपालमा यसको फैलावटः** नेपालमा यो तराई, मध्य पहाडी भूभागदेखि २०४० मिटरसम्मको उचाइमा (रक्से, इलाम) सम्म फैलिएको पाइन्छ । यो पाइने सबैभन्दा उच्च ठाउँमा भने वर्षको केही हप्तासम्म हिउँ पनि पर्न सक्छ ।



## *Varanus flavescens,* Yellow monitor

**Nepali names:** Suun gohoro

**CITES I protected!!**

**How it looks:** Length + tail: 410 + 510 mm; coloration often dirty yellowish, but very variable, many specimens showing red bands across the body.

**Where it lives:** In lowland marshes and swamps, around ponds and lakes, rarer in mixed evergreen, secondary and Sal (*Shorea robusta*) forests, usually along the floodplains of large rivers of the Indus, Ganges and Brahmaputra systems, sometimes along streams in foothills, but never in mountain areas. With the conversion of the habitat to agricultural land, the species colonise villages, ditches, irrigated cultures of rice, maize, grass and fish farms.

**How it lives:** Most active during monsoon, diurnal, often seen in and around waters being an excellent swimmer. It is very endangered being hunted by men for food, paramedicine, skin and export. Lays till 30 eggs. Incubation takes about 150 days.

**Distribution** in Nepal: Terai up to 316 m, from W to E.

## *भ्यारानस फ्लाभिसेन्स,* ऐल्लो मनिटर

**नेपाली नाम :** सुन गोहोरो

**साइटिसद्वारा संरक्षित**

**यो कस्तो देखिन्छ ?:** यसको शिरदेखि पुच्छरसम्मको लम्बाइ ४१० देखि ५१० मिलिमिटरसम्मको हुन्छ । यसको रङ पँहेल्चो मैलो कालो हुन्छ तर विभिन्न रङहरू मिसिएको पनि हुन्छ । धेरैजसो प्रजातिहरूका शरीरमा राताराता पाटाहरू पाइन्छन् ।

**यो कहाँ बस्छ ?:** यो पोखरी तथा तलाउको दलदल, घाँसे चौरी र पोथ्रापोथ्रीहरूमा बस्छ । यो खोलाको बाढीले बनाएका बगरतिर, सदावहार झाडी वा जङ्गलतिर भने कमै पाइन्छ, जस्तै सिन्धु, गङ्गा वा ब्रह्मपुत्र नदीहरूले बनाएको तटवर्ती इलाकाहरू आदि । उच्च पहाडी क्षेत्रमा यो पाइँदैन । यसको मौलिक वासस्थानलाई खेतीमा प्रयोग गरियो भने यो खाल्डाखुल्डीतिर, सिँचाइ गरिएका खेतहरूतिर, मकैबारीहरूमा, धानखेतहरूमा र माछा पालिएका पोखरीहरूमा पनि बस्न थाल्छ ।

**यो कसरी बस्छ ?:** यो मनसुनी वर्षाको बेला अति सक्रिय रहन्छ र पानीमा पनि कहिलेकाहीं सहजै पौडी खेल्न सक्छ । यसलाई मानिसहरूले मासु, छाला, घरेलु दवाइ र बाहिरफेर तस्करी गर्ने भएकाले अति दुर्लभ भएको छ । यसको फुल कोरल्ने अवधि १५० दिनको हुन्छ ।

**नेपालमा यसको फैलावटः** नेपालमा यो तराईदेखि ३१६ मिटरम्मको उच्चाइसम्म फैलिएको पाइन्छ ।



## *Gekko gecko,* Tokay

**Nepali names:** Tokeh-tokeh, Kokte (Rai), Sungohoro

left

**How it looks**: Max. total length: 395 mm. Colour greyish violet with reddish brown to red dots. Venter whitish to grey, sometimes spotted.

**Where it lives**: Tropical forests on large trees and rocks. In towns, on and inside buildings even in rooms.

**How it lives**: Calling starts in the middle of the cold season (December), attains its peak in March and fades in autumn.

**Distribution** in Nepal: In extreme eastern Nepal, Terai and low Midlands; altitude 240-620 m.

## *गेक्को गेक्को,* टोके

**नेपाली नाम :** टोके टोके, कोक्ते (राई)

चित्र दायाँ

**यो कस्तो देखिन्छ ?:** यसको अधिकतम लम्बाइ ३९५ मिलिमिटरम्म हुन्छ । यसको रङ कैलो बैजनीमा रातोरातो खैरो मिसिएको र जिउमा राता थोप्ला भएको हुन्छ । यसको भुँडीतिरको भाग सेतो खैरो र कुनैकुनैको छिर्केमिर्के समेत हुन्छ ।

**यो कहाँ बस्छ ?:** यो उष्णप्रदेशीय जङ्गलमा रहेका ठूला रुख र चट्टानहरूमा बस्ने गर्छ । साथै यो सहरका ठूला भवनहरूमा र कहिलेकाहीं त कोठाभित्र पनि पसेर बस्ने गर्छ ।

**यो कसरी बाँच्छ ?:** यो जाडो महिनाको मध्यतिरदेखि कराउन सुरु गर्ने बानी बेहोरा भएको प्रजाति हो । वसन्त ऋतुमा यो अत्यधिक कराउँछ र शरद ऋतुदेखि कराउन छाड्छ ।

**नेपालमा यसको फैलावटः** यो नेपालको सुदूरपूर्वतिको तराई र मध्य पहाडका भूभागको फेदीतिर २४० देखि ६२० मिटर उच्चाइका भूभागमा फैलिएर बस्ने प्रजाति हो ।

## *Calotes versicolor,* Common garden lizard

**Nepali names**: Baghaiche chheparo

female, right: male

**How it looks**: Snout-vent length about 100 mm. Colour is light brown or greyish. Dark streaks radiate from the eye.

**Where it lives**: At margins of woods, hedges, tangles of vines, found on cultivated land and gardens.

**How it lives**: Spends cool months mostly hidden in vegetation, in hollow logs, under stones.

**Distribution** in Nepal: Frequently in gardens, and one of the most encountered lizards of Nepal. Living from the Terai to the montane zone (to 2,300 m)

## *क्यालोटिस भर्सिकरल,* कमन गार्डेन लिजार्ड

**नेपाली नामः** बगैंचे छेपारो

पोथी दायाँ, भाले बायाँ

**यो कस्तो देखिन्छ ?:** यसको थुतुनोदेखि मलद्वारसम्मको लम्बाइ १०० मिलिमिटरसम्मको हुन्छ । यो हल्का खैरो अथवा कैलोकैलो रङको देखिन्छ । यसका आँखाका छेउबाट काला चम्किला धर्काहरू निस्केका देखिन्छन् ।

**यो कहाँ बस्छ ?:** यो जङ्गलको किनारातिर, बगैंचाको बारतिर, बाँझो पाखातिर, अङ्गुर घारीतिर साथै खेतीपाती लगाइएको जमीनतिर बस्ने गर्छ ।

**यो कसरी बस्छ ?:** यो जाडो याममा विशेष गरी झारपातको थुप्रो भित्र, ठुटा मुडाहरुको दुलातिर साथै ढुङ्गाको चेपचापतिर लुगेर बस्ने गर्छ ।

**नेपालमा यसको फैलावटः** सधैं जसो यो बगैंचारित नै पाइन्छ । साथै यो नेपालमा पाइने छेपाराहरूमध्ये मानिससँग धेरैजसो जम्काभेट भइरहने छेपारो प्रजातिको हो । यो तराईदेखि २३०० मिटरसम्मको उच्च भएको पहाडी भूभागमा समेत पाइन्छ ।



## *Laudakia tuberculata,* Tuberculated agama

centre

**Nepali names**: Bhir chheparo

**How it looks**: snout-vent -128 mm. Colour brownish grey to greyish black with pale dorsal dots.

**Where it lives**: On rocky habitats, boulders, along streams, rivers, crevices in rocks, landslides and rocky slopes.

**How it lives**: Diurnal with hibernation during cold days.

**Distribution** in Nepal: W-E, from Terai to mountain zone.

## *Eutropis* (ex *Mabuya*) *carinata,* Common Indian skink

right

**Nepali names**: Bharatiya bhanemungro

**How it looks**: Length + tail 125 + 165 mm. Its colour is brown or bronze or olive and uniform or with dark spots, or streaks. The lower parts show whitish or yellow colour.

**Where it lives**: In moist woodland and dense vegetation.

**Distribution** in Nepal: Terai and Midlands up to 1,370 m, except the extreme W and E.

## *Eutropis* (ex *Mabuya*) *macularia,* Bronze grass skink

left

**Nepali names**: Kashe ghase bhanemungro

**How it looks**: length + tail: 65 + 100 mm. The dorsum is bronze, with or without small dark spots in longitudinal rows.

**Where it lives**: In grassland, sunny places in woodland; They use holes in the ground or fissures between rocks or in trees as refuges.

**Distribution** in Nepal: Western and central Terai, up to 300 m.

## *लौडाकिया ट्युवरकुलेटा,* टुबरकुलेटेड अगामा

माझ

**नेपाली नामः** भिर छेपारो

**यो कस्तो देखिन्छ ?:** यसको थुतुनोदेखि मलद्वारसम्मको कुल लम्बाइ १२८मिलिमिटरसम्मको हुन्छ। यसको रङ खैरो कैलो हुनुका साथै पिठ्यूँतिर काला थोप्लाहरू हुन्छन्।

**यो कहाँ बस्छ ?:** यसको वासस्थान ठूला चट्टान र ढुङ्गाहरू नै हुन्। यसका साथै खोल्साखोल्सी र नदीको किनाराका भिरपहराका ढुङ्गाहरूमा पनि यो बस्ने गर्छ।

**यो कसरी बस्छ ?:** यो प्रजाति दिउसो मात्र सक्रिय रहन्छ र राति तथा जाडोको याममा चाहिँ शीतकालीन निद्रामा जान्छ।

**नेपालमा यसको फैलावट :** यो नेपालको पश्चिमदेखि पूर्वतिरको तराई र पहाडको भूभागमा पैऽलिएको पाइन्छ।

## *युट्रोपिस क्यारिनाटा,* कमन इन्डियन स्किङ्क

दायाँ

**नेपाली नामः** भारतीय भानेमुङ्ग्रो

**यो कस्तो देखिन्छ ?:** यसको सिरदेखि पुच्छरसम्मको लम्बाइ १२५ देखि १६५ मिलिमिटरसम्म हुन्छ। यसको पिठ्यूँतिर खैरो, रातोरातो, चिल्लो हरियो र एकनासका कालाकाला थोप्लाहरू वा पाटापाटा हुन्छन्। साथै यसको भुँडीतिर सेतो वा पँहेल्चो देखिन्छ।

**यो कहाँ बस्छ ?:** यो ओसिलो जङ्गलतिर र बाक्लो झाडीतिर बस्छ।

**नेपालमा यसको फैलावटः** सुदूर पश्चिमबाहेक र पूर्वी तराई र १३७० मिटर उच्चाइसम्मको मध्य पहाडी क्षेत्रसम्म फैलिएको छ।

## *युट्रोपिस माकुलारिया,* ब्रन्ज ग्रास्क स्किङ्क


बायाँ

**नेपाली नामः** काँसे घाँसे भानेमुङ्ग्रो

**यो कस्तो देखिन्छ ?:** सिरदेखि पुच्छरसम्मको लम्बाइ ६५ देखि १०० मिलिमिटरसम्मको हुन्छ। यसको पिठ्यूँतिर काँसे रङ्ग र काला थोप्लाहरूको ठाडो लहर हुन्छ। त्यस्तो लहर नहुन पनि सक्छ।

**यो कहाँ बस्छ ?:** यो घमाइलो घाँसे चौरी र झोर जङ्गलमा बस्छ। यसका साथै भुइँका ठूला ढुङ्गाका चेपचापमा र रूखका टोड्काहरूमा समेत बस्छ।

**नेपालमा यसको फैलावटः** नेपालको पश्चिम र मध्य तराईको भूभागको ३०० मिटरको उच्चाइसम्म यसको फैलावट छ।



## *Japalura variegata,* Variegated forest agama

**Nepali names:** Phite bhude chheparo

left: female, right: male

**How it looks**: Length + tail: 94 + 144 mm. Its colour results from the combination of light yellow almost to black, a light upper lip, dark dorsal chevrons, light dorsolateral lines, dots on the flanks and a bluish gular in asserting males.

**Where it lives**: Lives in the moistest regions of Nepal and inhabits dense and low vegetation on the margin of woods or along roads. Being strictly diurnal they remain hidden during the cold months.

**Distribution** in Nepal: From Arun Valley eastwards to 2000 m.

## *जापालुरा भ्यारिगाटा,* भारिगाटेड फोरेस्ट अगामा

**नेपाली नाम** : फिते भुँडे छेपारो

पोथी दायाँ , भाल

**यो कस्तो देखिन्छ** ?: यसको सिरदेखि पुच्छरसम्मको लम्बाइ ९४ देखि १४४ मिलिमिटरसम्मको हुन्छ । यसको रङ हल्का पँहेलो हुँदै कालो मिसिएको हुन्छ, माथिल्लो ओठ हल्का सेतो, पिठ्यूँतिर काला टाटा, पिठ्युँको दुवैतिरबाट हल्का सेता धर्का र तिघ्रामा काला थोप्लाहरू एवम् भालेहरूको घाँटीमुनि नीलो हुन्छ ।

**यो कहाँ बस्छ** ?: यो नेपालका ओसिला स्थानहरूमा र बाक्लो झाडी वा बाटाको छेउछाउतिर बस्ने गर्छ । यो विशेष गरेर दिउसो मात्र देखिन्छ तर जाडो महिनामा भने शीतकालीन निद्रामा जान्छ ।

**नेपालमा यसको फैलावटः** यो अरुण उपत्यका भन्दा पूर्वतिर करिब २००० मिटरसम्मको उचाइसम्म फैलिएको छ ।

## *Ophisaurus gracilis,* Glass lizard

**Nepali names:** Kudake sarpa

centre

**How it looks**: Length + tail: 185+ 284 mm. Light or dark to reddish brown, with a darker to bluish black lateral stripe which can fade. Dorsal pattern elements are rows of bluish spots framed black or a dark vertebral stripe. Belly sometimes with brick red spots.

**Where it lives**: Under logs and stones, also in cultivated landscapes.

**Distribution** in Nepal: Well documented from Midlands of the extreme East; altitude 1,650-2,170 m (5,500 m outside Nepal).

## *ओफिसाउरस ग्रासिलिस,* ग्लास लिजार्ड

**नेपाली नाम** : कुड्के सर्प

माझ

**यो कस्तो देखिन्छ** ?: यसको सिरदेखि पुच्छरसम्मको कुल लम्बाइ १८५ देखि २४८ मिलिमिटरसम्मको हुन्छ । साथै अँधेरा नीलादेखि काला काला धर्काहरू यसका शरीरमा देखिन्छन् । ती धर्काहरू नदेखिन पनि सक्छन् । पिठ्यूँतिर कालो किनारा भएका नीला बुट्टे थोप्लाहरू हुन्छन् । कहिलेकाहीं यसका भुँडीतिर इटा रङका राता थोप्लाहरू पनि देखिन्छन् ।

**यो कहाँ बस्छ** ?: ढुङ्गा तथा मुढामुनि र खेतीपाती गरिएका जमिनमा यो बस्ने गर्छ ।

**नेपालमा यसको फैलावटः** यो सुदूरपूर्वको मध्य पहाडी भूभागतिर अर्थात् १६५० देखि २१५० मिटरको उचाइमा फैलिएको छ, (नेपालबाहिर भने ५५०० मिटरसम्म पनि फैलिएको रेकर्ड छ)



## *Draco* spec., Flying dragon

**Nepali names**: Udane chheparo

**How it looks**: Flying dragons are easily identified by their unique wing membranes. In resting posture, with flying membranes folded, they are camouflaged by colours of grey, brown or greenish, imitating old bark. When the wings are spread, above all their ventral sides show a colour pattern – often with red, yellow, orange or blue - which is specific and often also different in males and females.

**Where it lives:** They are exclusively arboreal and live on large trees, but almost never descend to the ground. They inhabit old forests, but (outside Nepal) also plantations or parks.

**How it lives:** They lay 2-6 soft-shelled eggs being buried in moist substrate. They show interesting social behaviour – although difficult to watch due to their hidden way of life – in expanding their wings or throat fan rhythmically.

**Distribution** in Nepal: No voucher specimens available. Only known from reports of local people and evidently extremely rare. All records from five localities are from a strip of the eastern Midlands, 650-1,980 m.

## *ड्राको स्पेस,* फ्लाइङ ड्रागन

**नेपाली नाम** : उडुवा छेपारो

**यो कस्तो देखिन्छ** ?: उडुवा छेपारोलाई यसका छालादार पखेटाले गर्दा सजिलै चिन्न सकिन्छ । नउडेको बेला यसका जालिदार पखेटा मुजा परेका हुन्छन् र यसको फुस्रो, खैरो वा हरियो रङले गर्दा रुखको बोक्रासँग मिल्दोजुल्दो हुन्छ । साथै जब यो आफ्नो पखेटा फिँजाउँछ त्यस बेला यसको पखेटाको मुनि रातोरातो, सुन्तले, नीलो वा पँहेलो बुट्टे रङ देखिन्छ । यसका साथै यिनै बुट्टाहरूले गर्दा यस जातिका भाले पोथी पनि छुट्टिन्छन् ।

**यो कहाँ बस्छ** ?: यो ठूलठूला रुखमा बस्ने प्रजाति भएको हुनाले जमिनमा बस्दैन । यो जहिले पनि पुराना जङ्गलहरूमा बस्ने गर्छ तर अन्यदे शतिर यो नयाँ जङ्गल तथा पार्कतिर पनि बस्छ । ढुङ्गा तथा मुढामुनि र खेतीपाती गरिएका जमिनमा पनि यो बस्न सक्छ ।

**यो कसरी बस्छ** ?: यस प्रजातिले २ देखि ६ ओटासम्म खोस्टेदार फुलहरू खाल्डो खनेर पार्छ र ती फुललाई त्यस खाल्डोमा नरम र ओसिलो पत्करले छोप्छ । यिनीहरूका स्वाभाविक चलखेलहरू धेरै हुन्छन् तर गुप्त जीवनले गर्दा यिनीहरूलाई देख्न मुस्किल पर्छ । यिनीहरूले पखेटा फैलाएर चलाएको बेला घाँटी र पखेटा तलमाथि गर्ने हुँदा घाँटी र पखेटाको तालमेल मिलेको देखिन्छ ।

**नेपालमा यसको फैलावट** : यसको वासस्थान नेपालमा धेरै ठाउँ पत्ता लागे पनि नमूना भने सङ्कलन गर्न सकिएको छैन । स्थानीय व्यक्तिहरूबाट मात्र यसका बारेमा धेरै जानकारी पाइएको छ तर प्रमाणित भने हुन सकेको छैन । प्राप्त तथ्याङ्कअनुसार यो पूर्वी नेपालको ६५० देखि १९८० मिटरसम्मको उचाइमा यसको फैलावट देखिन्छ ।



## *Oriotiaris tricarinata,* Tricarinate forest agama

## *ओरिओटिआरिस ट्राइकारिनेटा,* ट्राइकारिनेट फोरेस्ट आगामा

**Nepali names:** Tindharke jangali chheparo

male, left

**How it looks**: Max. snout-vent + tail length: 54 + 126 mm. Basic colour is green in males and brown in females. It shows a mid-dorsal and complete lateral crest. The sexual differences are very pronounced the males showing a striking green during their reproductive phase in premonsoon. Males have a wide range of colour change while the females show different brown colours and markings.

**Where it lives**: In wet monsoon and Rhododendron forests which are heavily clouded during the monsoon period.

**How it lives:** The brown females are mostly found sitting on the ground in leaf litter while the males had been encountered often sitting in bushes. On the ground they rarely run but jump. The species is threatened by destruction of habitat and deforestations.

**Distribution** in Nepal: Not rare in wooded Midlands of the Annapurna region and eastwards, 1,650-2,896 m.

**नेपाली नाम :** तिनधर्के जङ्गली छेपारो : (भाले, देब्रे : २ पोथीहरू)

भाले बायाँ

**यो कस्तो देखिन्छ** ?: यसको थुतुनोदेखि मलद्वारसम्मको अधिकतम लम्बाइ ५४ देखि १२६ मिलिमिटरसम्मको हुन्छ । आधारभूत रूपमा भालेको रङ हरियो र पोथीको रङ फुस्रो हुन्छ । यसको  ढाडको मध्य भाग र त्यसका दुबैतिर एकएक ओटा धर्काहरू तानिएका हुन्छन् । यसका भाले पोथी प्रष्टसँग चिनिन्छन् । जस्तै, भाले मनसुन अघि सन्तान उत्पादनकालमा निख्खर हरियो रङको देखिन्छ । भालेको रङ परिवर्तन तत्काल हुन्छ तर पोथीको खैरो  रङ खैरोको खैरै रहिरहन्छ ।

**यो कहाँ बस्छ** ?: मनसुनी वर्षाको समयमा बाक्लो बादलले ढाकिएको, ओसिलो गुराँसे जङ्गलहरूमा यो बस्ने गर्छ ।

**यो कसरी बस्छ** ?: यसको पोथी झोर जङल, वा पतकर र भुइँमा बस्ने गर्छ भने भालेचाहिँ हरियो पोथ्रापोथ्रीमा बस्ने हुँदा कहिलेकाहीं यसको मानिसका साथ जम्काभेट पर्छ । जमिनमा यो कुद्छ तर मुस्किलैले मात्र उफ्रन्छ । यो प्रजाति वासस्थान नष्ट र जङ्गल फँडानीले गर्दा खतरामा पर्दै गएको छ ।

**नेपालमा यसको फैलावटः** यो अन्नपूर्ण क्षेत्रदेखि सुदूरपूर्वको १६५० देखि २८९६ मिटरसम्मको उचाइ भएको पहाडी भूभागमा फैलिएको छ ।



## *Oriotiaris kumaonensis,* Kumaon forest agama

**Nepali names**: Kumai jangali chheparo

**How it looks**: Length + tail: 48.7 + 109.6 mm. Dorsal light above coloured, separated from the body sides mostly by light stripes. Flanks in some specimens are mottled with green. Belly white (male) to brown, with a dark longitudinal pattern, males with a brilliant white lateral stripe.

**Where it lives**: In the evergreen vegetation of Rhododendron-coniferous forests, open grassy patches in the forest and roadside vegetation with exposed rocks.

**Distribution** in Nepal: Limited to wooded Midlands of the Far West at altitudes of 1,000-2,200 m.

## *ओरिओटिआरिस कुमाउनेनसिस,* कुमाओन फोरेस्ट आगामा

**नेपाली नाम** : कुमाईं जङ्गली छेपारो

**यो कस्तो देखिन्छ ?**: यसको सिरदेखि पुच्छरसम्मको लम्बाइ ४८.७ देखि १०९.६ मिलिमिटरसम्मको हुन्छ । यसको पिठ्यूँतिर चाहिँ हल्का सेतो रङ हुन्छ । शरीरको दुबैतिर हल्का सेता धर्काहरू पनि हुन्छन् । यसका तिघ्राहरू हरिया बुट्टेदार हुन्छन् । यसको भुँडीको भाग सेतो वा खैरो हुन्छ साथै काला ठाडा लामा धर्काहरू हुन्छन् । जिउका दुबैतिर निख्खर सेता पाटाहरू पनि देखिन्छन् ।

**यो कहाँ बस्छ ?**: यो ओसिलो गुराँसे र कोणधारी जङ्गल, बाटोका छेउछाउका पोथ्रापोथ्रीहरू, खुला घाँसे मैदानहरू र ढुङ्गाको च्यापातिर बस्छ ।

**नेपालमा यसको फैलावट**: यो प्रजाति सुदूर पश्चिमको १००० देखि २२०० मिटरसम्मको उचाइ भएको मध्यपहाडी भूभागको जङ्गलहरूमा मात्र फैलिएको छ ।

## *Scincella* (ex *Asymblepharus*) *capitanea*
## Large ground skink

**Nepali names:** Thulo bhui bhanemungro

**How it looks**: Length snout-vent 78.5 mm. Back brownish grey usually with small, irregularly arranged black spots. Ventral side greyish or yellowish white.

**Where it lives**: In or near wet oak forest. Originally a forest dweller, but managed to survive in deforested areas, they were found under stones and on a slope with bushes and ferns.

**Distribution** in Nepal: Well documented from a small range in the Midlands of the Annapurna Region; 1,100-2,100 m.

## *सिनसेल्ला क्यापिटानिया,* लार्ज ग्राउन्ड स्किङ्क

**नेपाली नाम** : ठूलो भुइँ भानेमुङ्ग्रो

**यो कस्तो देखिन्छ ?**: यसको थुतुनोदेखि मलद्वारसम्मको लम्बाइ ७८.५ मिलिमिटरको हुन्छ । यसको पिठ्यूँतिर खैरो कैलो हुन्छ साथै त्यसमा अनियमित किसिमका काला थोप्लाहरू देखिन्छन् । भुँडीपट्टि कैलोकैलो वा पँहेल्चो सेतो हुन्छ ।

**यो कहाँ बस्छ ?**: यो खस्रुको जङ्गलभित्र वा छेउछाउमा बस्ने गर्छ । मौलिक रूपमा यो जङ्गलमै बस्ने भए तापनि फँडानी भएको जङ्गलतिर पनि बस्न सक्छ । यो उन्यूँघारी र पोथ्रापोथ्रीको छेउछाउको ढुङ्ग्यानतिर पनि बस्ने गर्छ ।

**नेपालमा यसको फैलावट**: यसको भरपर्दो तथ्याङ्कअनुसार अन्नपूर्ण क्षेत्रको मध्यभागबाट ११०० देखि २१०० मिटरसम्म उचाइमा फैलिएको छ ।



## *Phrynocephalus theobaldi*, Theobald's toad-headed agama

**Nepali names:** Hiu chheparo

left

**How it looks**: Length + tail: ca. 50 + 48.2 mm. Colour varies from having a basic colour of light beige and a pattern consisting of white dots and black marks and grey plain-coloured forms showing a basic colour of greyish brown with a pattern of small light dots.
**Where it lives:** High altitude steppes with scant vegetation and barren ground which must show patches of loamy sand.
**Distribution** in Nepal: Known only from the Mustang region north of Jomosom, upper Kali Ghandaki Valley, 2,890- 3,830 m.

## *फ्रिनोसिफालस थियोबाल्डी,* थियोबाल्डस टोड-हेडेड अगामा

**नेपाली नाम** : नेप्टे टाउके हिउँ छेपारो

दायाँ

**यो कस्तो देखिन्छ** ?: यसको सिरपुच्छरको लम्बाइ ४८.२ देखि ५० मिलिमिटरसम्मको हुन्छ । यसको पिठ्यूँतिर सेतोमा काला थोप्लाहरू मिसिएका देखिन्छन् र खैरो वा कैलो रङ्का बुट्टाबुट्टीहरू पनि छरिएका हुन्छन् ।

**यो कहाँ बस्छ** ?: यो उच्च पहाडका घाँसे चौरीहरू, पातलो झार जङ्गल, बलौटे पाँगो माटो भएको रुखो जमिन आदिमा बस्छ ।

**नेपालमा यसको फैलावटः** यो मुस्ताङ क्षेत्रको जोमसोमको उत्तरतिर र कालीगण्डकी उपत्यकाको उत्तरी क्षेत्रको २८९० देखि ३८३० मिटरसम्मको उचाइमा फैलिएको छ ।

## *Asymblepharus ladacensis*, Glacier skink


**Nepali names**: Heemnadi bhanemungro

**How it looks**: Length + tail: 52 + 56 mm. Dorsum brown to olive, greenish to blue below.
**Where it lives**: Inhabits dry regions of the Main Himalaya Chain with sparse vegetation of low shrubs on bare stony ground, also on irrigated land.
**Distribution** in Nepal: Some records from the dry Northwest, westwards from the Dhaulagiri; altitude 2,590 to 5,490 m.

## *एसिम्ब्लेफारस ल्याडासेन्सिस,* ग्लासियर स्किङ्क

**नेपाली नाम** : हिमनदीय भानेमुङ्ग्रो

**यो कस्तो देखिन्छ** ?: यसको सिरपुच्छरको लम्बाइ ५२ देखि ५६ मिलिमिटरसम्मको हुन्छ । यसको पिठ्यूँतिर खैरो वा हल्का हरियो र भुँडीतर्फ हरियो नीलो हुन्छ ।
**यो कहाँ बस्छ** ?: यो मुख्य हिमालय श्रृङ्खलाको सुख्खा र पातला पोथ्रापोथ्रीहरू भएको स्थानमा, ढुङ्गामुनिका होचाहोचा बिरुवाहरूमा र सिञ्चित खेतीका जमिनहरूमा पनि बस्ने गर्छ ।
**नेपालमा यसको फैलावटः** यस प्रजातिका केही तथ्याङ्क धौलागिरी हिमालको उत्तरपश्चिम र पश्चिमी क्षेत्रको २५९० देखि ५४९० मिटरसम्मको उचाइसम्म फैलिएको छ ।



## *Lygosoma albopunctatum,* White-dotted dwarf skink

**Nepal names**: Setothople baunne bhanemungro

**How it looks**: Snout-vent length till 60 mm. Uniform brown, with black or dark brown spots dorsally in longitudinal lines.

**Where it lives**: Found in damp situations under dead leaves. In Sukla Phantah National Park, the species inhabits a light Sal (*Shorea robusta*) wood with knee-high grow of plants and herbs.

**Distribution** in Nepal: W-E, Terai to 400 m. The low number of findings is probably due to its very cryptic way of life.

## *लाइगोसोमा अल्बोपुक्टाटस,* ह्वाइट डटेड ड्वार्फ स्किङ्क

